# बन्दिपुर गाउँपालिका

# बन्दिपुर राजपत्र

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ७ संख्या:०१ मिति:२०८०/०९/२२

भाग १

## बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

# बन्दीपुर पर्यटन विकास ऐन २०८०

# बन्दीपुर पर्यटन विकास ऐन २०८०

**प्रस्तावनाः** यस गाउँपालिका भित्रका कला, सँस्कृति, सम्पदा, संरक्षण, सम्वर्धन, पर्यटकीय क्षेत्र एवम् धार्मिक, साँस्कृतिक, ऐतिहासिक लगायतका पर्यटकीय महत्वका विषय र गतिविधिको पहिचान, व्यवस्थापन एवं प्रवर्धन गरी बन्दीपुर गाउँपालिकालाई उत्कृष्ठ पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आन्तरिक र बाह्य पर्यटकलाई गुणस्तरीय पर्यटन सत्कार तथा सेवा प्रदान गर्न तथा निजी क्षेत्रको सहकार्यमा जनपर्यावरणमैत्री वातावरण निर्माणका साथै पर्यटन उद्योगलाई समृद्ध बन्दीपुर निर्माणको महत्वपूर्ण आधारको रुपमा विकास गरी नागरिकको जीवनस्तरमा सुधार गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२(१)को अधिकार प्रयोग गरी बन्दिपुर गाउँपालिकाको चौधौं गाउँसभाले बन्दीपुर पर्यटन बिकास ऐन २०८० बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “बन्दीपुर पर्यटन बिकास ऐन २०८०” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) “ बोर्ड” भन्नाले दफा ३ बमोजिम गठन भएको बन्दीपुर पर्यटन बोर्डलाई सम्झनु पर्छ ।

ख) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ग) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

घ) “पर्यटक” भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि गाउँपालिका क्षेत्र भित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्छ ।

ङ) “पर्यटन व्यवसाय” भन्नाले पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय, पर्यटकहरुका निमित्त राष्ट्रिय वा अन्तराष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुर्याउने कारोबार, पर्यटकहरुलाई नेपाल भित्र वा नेपाल बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रुपमा परिवहन, बसोबास, शहरी वा ग्रामीण क्षेत्रमा गर्ने भ्रमणको व्यवस्था, होटेल लज रेष्टुरेन्ट सेवा, दृष्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरञ्जनात्मक सेवा पुर्याउने र सो बापत स्वदेशी तथा बिदेशी मुद्रा आयआर्जन गर्ने प्रकृतिका कारोबार, पर्यटकहरुलाई पूर्ण वा आंशिक रुपमा खुद्रा बस्तुहरु बिक्री गर्ने कारोबार, पर्यटकहरुलाई आकर्षित गर्नका निमित्त पूर्ण वा आंशिक रूपमा साहित्य कला, संस्कृतिको प्रस्तुति वा अन्य कुनै पर्दशनी, आयोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला, प्रचार, प्रसार अभियान सञ्चालन गर्ने कार्यालाई समेत सम्झनु पर्दछ।

च) “होमस्टे” भन्नाले स्थानीय मौलिक सँस्कृति, परम्परा झल्किने गरि आवास, स्थानीय उत्पादनमा आधारीत परिकार र मनोरन्जन समेत प्रदान गरिने उद्देश्यले समुहिक रुपमा सञ्चालन गरिएको व्यवसाय सम्झनुपर्दछ ।

छ) “सहासिक पर्यटन” भन्नाले ऱ्याफ्टिङ, जीप फ्लायर, बन्जी जम्पिङ, क्यानोनिङ, क्यानोपी वाकिङ, ऱ्यापलिङ, प्याराग्लाईडिङ, रक क्लाइबिङ, स्काई वाकिङ, बाली स्वीङ्गिङ लगायतका अन्य यस्तै गतिविधिहरु सम्झनुपर्दछ।

ज) “कार्यपालिका” भन्नाले बन्दीपुर गाउँकार्यपालिका सम्झनुपर्दछ ।

झ) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तरगत बनेका नियम वा विनियम र कार्यबिधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## बन्दीपुर पर्यटन बोर्ड गठन र व्यवस्थापन

**३.बन्दीपुर पर्यटन बोर्डको गठनः** (१) बन्दीपुर गाउँपालिकाको पर्यटकिय क्षेत्रहरुको पहिचान बिकास , प्रबर्धन प्रचार प्रसार तथा ब्यबस्थापन सम्बन्धी काम गर्न देहाय बमोजिमको बन्दीपुर पर्यटन बोर्डको गठन हुनेछ।

(२) बन्दीपुर पर्यटन बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| ख) गाउँपालिकाको उपाध्यक्ष | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) पर्यटन क्षेत्रमा कम्तीमा विगत १० वर्षदेखि क्रियाशिल विशेषज्ञ वा पर्यटन व्यवसायीमध्येबाट अध्यक्षले मनोनित गरेको १ जना | - विज्ञ सदस्य |
| घ) अध्यक्षले विभिन्न संघसंस्था, निजी क्षेत्र, स्थानीय पर्यटन व्यवसायी तथा अन्य सरोकार समुहमा आवद्ध भई क्रियाशील व्यक्तिहरुमध्येबाट एक महिला सहित मनोनित गरेका ३ जना | - सदस्य |
| ङ) बन्दीपुर सामाजिक विकास समितिका अध्यक्ष वा प्रतिनिधि | - सदस्य |
| च) पर्यटन विकास समिति बन्दीपुरका अध्यक्ष वा प्रतिनिधि | - सदस्य |
| छ) बन्दीपुर होमस्टे निर्देशन तथा व्यवस्थापन समितिका अध्यक्ष | - सदस्य |
| ज) बन्दीपुर गाउँपालिकाको प्राविधिक शाखा प्रमुख | - सदस्य |
| झ) बन्दीपुर गाउँपालिकाको पर्यटन शाखा/इकाइ प्रमुख | - सदस्य सचिव |

(३)बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(४) बोर्डको बैठक भत्ता प्रचलित कानून बमोजिम कोषमा जम्मा भएको रकमबाट भूक्तानी गरिनेछ, महिनामा कम्तीमा १ पटक बोर्डको बैठक बस्नेछ।

(५) बोर्डले गरेका निर्णय तथा सम्पादन गरेका कार्यहरुको विवरण अर्धवार्षिक रुपमा कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**४.बन्दीपुर पर्यटन बोर्डको उद्देश्यः** (१)बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

क) बन्दीपुर गाउँपालिकाभित्रको पर्यटकीय सेवालाई प्रोत्साहन गरी स्वरोजगारीको सिर्जना मार्फत् स्थानीय अर्थतन्त्र एवं रोजगारी अभिवृद्धिमा टेवा पुर्‍याउने,

ख) पर्यटनको विकास, विस्तार तथा प्रवर्द्धन, पूर्वाधार निर्माणमा सहजीकरणका कार्यहरु गर्ने,

ग) बन्दीपुर गाउँपालिकाको उत्पादन र उत्पादकत्व बढाउने,

घ) बन्दीपुर बजार क्षेत्रलाई संरक्षित तथा पुरात्वातिक सहरको रुपमा विकास गर्न पहल गर्ने,

(२)तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

**५. बन्दीपुर पर्यटन बोर्डको काम कर्तव्य र अधिकारः** (१)बन्दीपुर पर्यटन बोर्डको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, पर्या-पर्यटन, साहसिक पर्यटन, खाना पर्यटन, औधोगिक, व्यवसायिक प्रदर्शन एवं सभा सम्मेलन पर्यटन लगायतका पर्यटन प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्दि तथा पर्यटन सम्बन्धी नीति निर्माण गर्ने,

ख) पर्यटन सम्बन्धी नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गर्ने,

ग) प्रचलित कानुनको अधिनमा रही निजी तथा वैदेशिक लगानी, प्रविधि हस्तान्तरण सम्बन्धमा आवश्यक निर्णय गर्न कार्यपालिकालाई सिफारिस तथा सहजीकरण गर्ने,

घ) पर्यटन प्रदुषण नियन्त्रण सम्बन्धी निर्णय लिने र आवश्यकताको आधारमा कार्यपालिकालाई सुझाव पेश गर्ने,

ङ) यस ऐन तथा प्रचलित कानुन बमोजिम पर्यटन व्यवसायले पाउनुपर्ने सेवा, सुविधा तथा सहुलियत पाउन कठिनाई भएमा सो को निराकरण गरी कार्यान्वयन गर्न कार्यपालिकालाई सिफारिस गर्ने,

च) स्थानीयस्तरका सम्भावित पर्यटकीय क्षेत्र, ग्राम, नगरी तथा पार्कको पहिचान, पूर्वाधार निर्माण र संरक्षणको योजना निर्माण गर्ने,

छ) पर्यटन व्यवसायको अनुगमन तथा निरीक्षणका लागि विभिन्न फारामहरुको व्यवस्था गर्ने,

ज) अफ-सिजनका लागि प्याकेज सञ्चालन गर्न योजना निर्माण गर्ने,

झ) गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको अभिलेख राख्ने र अध्यावधिक गर्ने,

ञ. गाउँपालिकाबाट सञ्चालन भएका पर्यटकीय पूर्वाधार तथा संरचनाहरु तोकिए बमोजिम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने,

ट. राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, साँस्कृतिक महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रवर्धनात्मक पर्यटकीय गतिविधिहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन तथा सहजीकरण गर्ने,

ठ. ऐतिहासिक महत्वका मठ मन्दिर, ताल तलैया, गुम्बा, पाटीपौवाहरुको संरक्षणका लागि जनसमुदाय परिचालन गर्न रणनीति तथा कार्यनीति निर्माण गर्ने,

ड. पर्यटन जनचेतनाका लागि विभिन्न तहमा प्रचारप्रसारका कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने, गराउने,

ढ. पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति तथा संस्थाहरुलाई पाहुना सत्कार तथा अन्य प्राविधिक विषयमा आवश्यक तालिम, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

न. अन्य स्थानीय तहहरुसँग समन्वय, सहकार्य, सहलगानी गरी पर्यटकीय क्रियाकलाप अभिवृद्धि गर्न अन्तरपालिका पर्यटन समिति गठन गर्ने,

(२)कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने,

**६. बोर्डको कोषः**

(१) बोर्डको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा १) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्।

क) स्थानीय सरकार, प्रदेश तथा संघीय सरकारबाट प्राप्त अनुदान,

ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान,

ग) व्यवसायमा संलग्न संघ संस्था, समिति तथा व्यक्तिबाट प्राप्त रकम,

घ) अन्य कुनै स्रोतबाट प्राप्त अनुदान

(३) अन्तराष्ट्रिय संघसंस्था वा व्यक्तिबाट कुनै किसिमको सहयोग तथा अनुदान लिनु अगावै नेपाल सरकारको पूर्वस्वीकृती लिनु पर्नेछ।

(४) बोर्डबाट गरिने सम्पूर्ण खर्च उपदफा १) बमोजिमको कोषबाट गरिनेछ।

**७. वडा पर्यटन प्रवर्द्धन समिति गठन गर्न सक्नेः** (१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीको रेखदेख तथा प्रवन्ध गर्नका लागि बन्दीपुर गाउँपालिका भित्रका वडा हरुमा एक वडा पर्यटन प्रवर्धन समितिको गठन हुनेछ ।

(२) समितिमा देखाएका सदस्यहरु रहनेछन् :-

क) सम्बन्धित वडाका वडाअध्यक्ष - अध्यक्ष

ख) वडा समितिबाट महिला, दलित, सीमान्तकृत, पिछडिएको वर्गबाट प्रतिनिधित्व हुने गरी वडा अध्यक्षले मनोनित गरेका २ जना - सदस्य

ग) पर्यटन क्षेत्रमा कम्तीमा विगत ५ वर्षदेखि क्रियाशिल विशेषज्ञ वा पर्यटन व्यवसायीमध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना - विज्ञ सदस्य

घ) वडास्तरीय टोल विकास संस्था, आमा समूह लगायत विभिन्न सरोकारवाला समूहहरुको प्रतिनिधित्व हुने गरी ङ) वडाअध्यक्षले मनोनित गरेको महिला १जना साहित २ जना - सदस्य
च) सम्बन्धित वडाका योजना हेर्ने प्राविधिक कर्मचारी - सदस्य
छ) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

**८. वडा पर्यटन प्रवर्धन समितिको काम कर्तव्य र अधिकारः**(१) वडा पर्यटन प्रवर्धन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने

क) वडा मातहतका पर्यटकिय गन्तब्यहरुको विकास र विस्तारमा जोड दिने
ख) घरबास (होम स्टे- भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहित गर्ने,
ग) एक गाउँ एक उत्पादनको पहिचान र प्रवर्द्धन गर्ने,
घ) स्थानीय संस्कृतिको जगेर्ना र विकास गर्ने,
ङ) बडा स्तरिय पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्न योजनाहरु निर्धारण गर्ने ,
(२) बोर्डले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३
## होमस्टे निर्देशन तथा व्यवस्थापन

**९. बन्दिपुर गाउँपालिका होमस्टे निर्देशन तथा व्यबस्थापन समितिः** (१) बन्दीपुर गाउँपालिकाले होमस्टेको माध्यमबाट पर्यटन विकास, प्रवर्द्धन र सम्बर्धन गर्नका लागि देहायबमोजिमको एक होमस्टे निर्देशन तथा व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

क) होमस्टे व्यवसायमा विगत ५ वर्षदेखि क्रियाशिल भई विशेषज्ञता हासिल गरेको विज्ञ वा होमस्टे व्यवसायीहरुमध्येबाट अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष
ख) सम्बन्धित वडाको वडाअध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य - सदस्य
ग) सम्बन्धित वडाको आमा समूहमध्येबाट अध्यक्षले तोकेको १ जना प्रतिनिधि - सदस्य
घ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य
ङ) गाउँपालिकाको कृषि शाखा प्रमुख - सदस्य
च) गाउँपालिकाको राजश्व शाखा प्रमुख - सदस्य
छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकता अनुसार विज्ञहरूको सहयोग लिन सक्नेछ ।
(३) उपदफा (१) बमोजिम समितिले सिफारिस गरेका निवेदनकर्तालाई गाउँपालिकाले तोकिएको राजश्व लिई दर्ता गर्नेछ र तोकिएको ढाँचामा होमस्टे सञ्चालन प्रमाणपत्र प्रदान गर्नेछ ।
(४) समितिको बैठक कम्तिमा २ महिनामा १ पटक बस्नेछ तर अध्यक्षले चाहेमा वा आवश्यकता अनुसार बस्न सक्नेछ ।
(५) समितिको बैठक भत्ता नियमानुसार हुनेछ ।
(६) होमस्टे संचालन तथा नियमन सम्बन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०.होमस्टे निर्देशन तथा ब्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

(१) ग्रामीण पर्यटन विकासका लागि होमस्टे कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गर्ने,

(२) होमस्टे सञ्चालन गर्नका लागि आवश्यक न्युनतम मापदण्डको निर्धारण गर्ने, साथै होमस्टे दर्ता गर्न संलग्न गर्नुपर्ने कागजातहरुको सूची तयार गरी सिफारिस गर्ने,

(३)होमस्टे कार्यक्रमको विस्तार र विकासका लागि प्रचारप्रसार तथा प्रवर्धनात्मक कार्य गर्न कार्यपालिकालाई सिफारिस गर्ने,

(४) होमस्टे सञ्चालन गरेका गाउँबस्ती, टोलहरुको अनुगमन तथा निरीक्षणका लागि अनुगमन प्रतिवेदन फाराम बनाई लागू गर्ने साथै प्रभावकारी होमस्टे सञ्चालनका लागि योजना निर्माण गर्ने,

(५) होमस्टे सञ्चालन गर्न समुदायले तोकिएका कागजातसहित गाउँपालिकामा पेश गरेका निवेदन उपर अध्ययन गरी तोकिएको मापदण्ड पुरा भए/नभएको निरीक्षण गरि कार्यालयलाई सिफारिस गर्ने,

(६) कार्यपालिका तथा बोर्डले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४
## विविध

**११. पर्यटक स्तरको होटेल, लज, रेष्टुराँ तथा रिसोर्ट वा वार सम्बन्धी व्यवस्था**

१) कुनै पनि व्यक्तिले आफ्नो होटेल, लज, रेष्टुराँ तथा रिसोर्ट वा वारलाई पर्यटकस्तरमा दर्ता गराउन चाहेमा यो ऐन लागु भएको १ वर्ष भित्र गाउँपालिकामा तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ।

२) यस ऐन बमोजिम दर्ता गराउन वा सञ्चालन गर्न चाहेको होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार तोकिएको सुविधायुक्त भएमा तोकिएको दस्तुर लिई पर्यटकस्तरमा दर्ता गर्न सकिनेछ।

३) प्रचलित कानून बमोजिम दर्ता भएका पर्यटकस्तरका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारले यो ऐन बमोजिम कार्यालय समक्ष इजाजत पत्रको लागि दरखास्त दिनु पर्नेछ।

४) यस ऐन बमोजिम दर्ता भएका पर्यटकस्तरका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार प्रत्येक वर्ष तोकिए व्यवसाय नवीकरण गर्नु पर्नेछ।

**१२. स्तर निर्धारण समिति**

(१) होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारलाई वर्गीकरण गर्ने सम्बन्धमा परामर्श दिनको लागि देहाय बमोजिमको एक स्तर निर्धारण समिति रहनेछ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) सम्बन्धित वडाका वडा अध्यक्ष वा वडाअध्यक्षले तोकेको वडा सदस्य | - सदस्य |
| ग) अध्यक्षले गाउँसभा सदस्यहरुमध्येबाट मनोनित गरेको १ जना महिला सदस्य | - सदस्य |
| घ) पर्यटन विकास समिति, बन्दीपुरका अध्यक्ष | - सदस्य |
| ङ) रेष्टुरेन्ट एण्ड बाट एशोसियसन (रेबान), बन्दीपुरका अध्यक्ष | - सदस्य |
| च) बन्दीपुर गाउँपालिकाका राजश्व शाखा प्रमुख | - सदस्य |
| छ) क्षेत्रीय होटेल संघ बन्दिपुर इकाई अध्यक्ष | -सदस्य |
| ज) बन्दीपुर गाउँपालिकाको पर्यटन शाखा/इकाइ प्रमुख | - सदस्य |

(२) स्तर निर्धारण समितिको काम कर्तव्य, अधिकार

क) होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारलाई वर्गीकरण गर्ने सम्बन्धमा सिफारिस गर्ने

ख) विभिन्न वर्गमा वर्गीकृत होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारहरुमा मेनूमार्फत् सर्भ गरिने फूड आइटम तथा पेय पदार्थहरुको प्रस्तावित मूल्यसुची तयार गरी सिफारिस गर्ने,

ग) होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारको इजाजत निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण गर्न सिफारिस गर्ने,

घ) पर्यटकस्तरको रुपमा वर्गीकरणको लागि सिफारिस गर्ने

ङ) स्तर निर्धारण समितिल सम्पूर्ण सिफारिसहरु बन्दीपुर गाउँकार्यपालिकालाई गर्ने,

च) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने,

## १३. मूल्य सूची प्रकाशन गर्नुपर्ने:

१) यस ऐन बमोजिम दर्ता भएका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारले आफ्नो दर वा मूल्यको सूचना कार्यालयले तोकेको ढाँचामा प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सूचना गाउँपालिकासमक्ष पेश गर्नु पर्दछ।

२) दर वा मूल्य सुची प्रकाशन गर्दा प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारका कर र शूल्क सहितको सूची प्रकाशन गर्नु पर्दछ।

## १४. निरीक्षण, परीक्षण तथा अनुगमन:

१) कार्यालयले यस ऐन बमोजिम दर्ता भएका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारको नियमित वा आकस्मिक निरीक्षण वा अनुगमन गर्न वा गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा चिज वस्तु परीक्षण गर्न गराउन सक्नेछ।

२) कार्यालयको अनुगमनको क्रममा तोकिए बमोजिमको स्तरको नपाइएमा तोकिएको स्तर कायम गर्न बढीमा १५ दिनको म्याद दिइनेछ।

३) तोकिएको म्यादभित्र स्तर कायम गर्न नसकेमा स्तर निर्धारण समितिको परामर्शमा कार्यालयले त्यस्तो होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारको इजाजत पत्र निलम्बन गर्न वा तल्लोस्तरको उपयुक्त वर्गीकरण गर्न सक्नेछ। त्यसरी निलम्बन वा तल्लोस्तरको वर्गीकरण गर्नु अघि सो को आधार र कारण खुलाई सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ।

४) इजाजत पत्र निलम्बन भएको वा तल्लो स्तर वर्गीकरणमा तोकिएको होटेल लज, रेष्टुराँ तथा रिजर्ट वा वारले कार्यालयमा साविकको स्तर कायम भएको गर्न निवेदन दिएमा स्तर निर्धारण समितिको सिफारिसमा साविकको स्तरमा वर्गीकरण वा इजाजत निलम्बन गरिएकोमा निलम्बन फुकुवा गर्न सक्नेछ।

५) इजाजत निलम्बन गरिएको मितिले १ वर्षसम्म साविकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटेल लज, रेष्टुराँ तथा रिजर्ट वा वारको हकमा कार्यपालिकाले यस ऐन बमोजिमको दर्ता वा इजाजत पत्र खारेज गर्न सक्नेछ।

## १५. होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार उपर बन्देज:

यस ऐन बमोजिम दर्ता नभएको होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार देहायको कुनै काम गर्न पाउने छैन।

१) पर्यटकस्तरको होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द, चिह्न, आफ्नो साईन बोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न,

२) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नका निमित्त कुनै बाह्य पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न,

३) यस ऐन बमोजिम दर्ता भएका होटेल दर्ता भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिह्न आफ्नो साईन बोर्ड वा कारोबारमा प्रयोग गर्नु हुँदैन।

४) यस नियमको उल्लङ्घन गरी कुनै शब्द वा चिह्न  उल्लेख गरेको पाइएमा गाउँपालिकाले त्यस्तो होटेलको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

**१६. पथप्रदर्शक सम्बन्धी व्यवस्था** (१) बन्दीपुर गाउँपालिका क्षेत्र भित्र पथप्रदर्शक सम्बन्धी देहायका ब्यवस्था हुनेछ ।

क) यस बन्दीपुर गाउँपालिकाको क्षेत्रभित्र पर्यटकीय गन्तव्यहरुमा पथप्रदर्शक गर्न चाहने नेपाली नागरिकले प्रदेश कानूनसँग नबाझिने गरी तोकिए बमोजिमको दस्तुर तिरी इजाजत पत्र लिनु पर्नेछ,

ख) पथ प्रदर्शकको वर्गीकरण, योग्यता, तालिम र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ,

ग) देहाय व्यक्तिलाई पथ प्रदर्शकको इजाजत पत्र दिइने छैन ।

१) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैद सजाय पाएको,

२) मानसिक अवस्था ठिक नभएको,

(२) इजाजत पत्रको म्याद: इजाजत पत्रको अवधि ३ वर्षको हुनेछ ।

(३) पथ प्रदर्शकको आचारसंहिता: पथ प्रदर्शकले देहायको कुनै काम गर्न गराउन हुँदैन ।

क) आफूलाई पथ प्रदर्शक बनाउन कुनै पर्यटकलाई बाध्य पार्न,

ख) आफ्नो इजाजत पत्र अरुलाई दिई पथ प्रदर्शकको काम गराउन,

ग) मादक पदार्थ सेवन गर्न,

घ) पथ प्रदर्शकको अन्य आचारसंहिता तोकिए बमोजिम हुनेछ।

**१७. अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था:**

१) साहसिक खेल पर्यटनका लागि इजाजत पत्र प्राप्त पर्यटन व्यवसायी, संस्था तथा समूहले यस गाउँपालिकाको क्षेत्रभित्र आफ्ना खेल क्रियाकलापहरु सञ्चालन गर्नु पुर्व प्रदेश कानूनसँग नबाझिने गरी तोकिए बमोजिम दस्तुर तिरी व्यवसाय सञ्चालन  गर्नु पर्नेछ।

२) यस ऐन बमोजिम फन पार्क सञ्चालन गर्न चाहने व्यवसायीले तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको मापदण्ड पुरा गरी गाउँपालिकामा दरखास्त दिनु पर्नेछ।

३) यस ऐन बमोजिम बन्दीपुरको विभीन्न पर्यटकीय स्थलहरुमा पर्यटकहरुलाई घोडामा सवारी गराउन ईच्छुक व्यवसायीले तोकिए बमोजिमको दस्तुर तिरी पर्यटकका लागि घोडा सवारी व्यवसाय सञ्चालन गर्न सक्नेछ।

४) पर्यटकका लागि घोडा सवारी व्यवसायको दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५) गाउँपालिकाको क्षेत्राधिकार भित्र ड्रोन उडानका लागि तोकिए बमोजिम इजाजत पत्र पाएका इच्छुक व्यक्तिहरुले यस गाउँपालिकाले तोकेको दस्तुर तिरी सञ्चालन अनुमति लिनु पर्नेछ।

६) गाउँपालिकासँग सञ्चालन अनुमति नलिई उडान गरिएका ड्रोन नियन्त्रणमा लिइनेछ साथै तोकिए बमोजिमको जरिवाना तिरेपश्चात् मात्र ड्रोन फिर्ता गरिनेछ।

७) यस गाउँपालिकामा केवलकार संचालन ,मापदण्ड तथा सेवा शुल्क सम्बन्धमा कार्यपालिकाले कार्यबिधी बनाई तोकिए बमोजिम हुनेछ ।

**१८. जरिवाना सम्बन्धी व्यवस्था**

१) दर्ता नगरी पर्यटकस्तरको नभएकोलाई पर्यटकस्तरको हो भनी कुनै होटेल  सञ्चालन गरेको पाईएमा पहिलो पटक ५ हजार, दोस्रो पटक ५ हजार देखि १५ हजारसम्म, तेस्रो पटकदेखि प्रत्येक पटकको १५ हजार देखि ३० हजार सम्म कार्यालयले जरिवान गर्न सक्नेछ।

२) यस ऐन बमोजिम कार्यालयबाट खटिई आएका कर्मचारीलाई त्यसमा प्रयोग गरिने कुनै खाद्य सामग्री परीक्षण गर्न बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई ५ हजार जरिवाना गर्न सक्नेछ।

३) पर्यटन व्यवसाय गर्ने व्यक्तिले यस ऐन वा गाउँपालिकाले दिएको निर्देशन उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई १० हजारसम्म जरिवाना गर्न सकिनेछ।

४) यस ऐन बमोजिम गाउँपालिकाले दिएको आदेश चित्त नबुझ्ने व्यक्तिले ७ दिन भित्र गाउँपालिकास्तरीय न्यायिक समितिमा र ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावदेन दिन सक्नेछ।

**१९. साँस्कृतिक सङ्ग्रहालय तथा पर्यटन सूचना केन्द्रको स्थापना र व्यवस्थापन:**

गाउँपालिकाले आफै वा अन्य संघसंस्था मार्फत् साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक स्थानहरुको संरक्षण र संवर्द्धन गर्दै पर्यटन प्रवर्द्धन गर्न उपयुक्त स्थानमा साँस्कृतिक सङ्ग्रहालय तथा पर्यटन सूचना केन्द्र स्थापना र व्यवस्थापन गर्न गराउन सक्नेछ।

**२०.साँस्कृतिक समुह सम्बन्धी व्यवस्था:**

१) कुनै जातजाति, समुदाय वा संस्थाले परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न चाहेमा तोकिए बमोजिम साँस्कृतिक समुह गठन गरी गाउँपालिकामा पेश गर्न सक्नेछ।

२) साँस्कृतिक समुह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२१. आन्तरिक पर्यटन सम्बन्धी विशेष व्यवस्था:** गाउँपालिकाले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रसँगको सहकार्य र समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद ५
## फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२२. फोहोरमैला व्यवस्थापन**

(१) होटेल व्यवसाय लगायतका अन्य पर्यटकीय गतिविधिहरुबाट सिर्जेका फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि फोहरमैलालाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

क. सडेर जाने वा सजिलै नष्ट गर्न सकिने फोहोरमैला

ख. प्रशोधन गर्न सकिने फोहोरमैला

(२) इजाजतपत्र प्राप्त पर्यटन व्यवसायी वा संघसंस्थाले उपदफा १ खण्ड क बमोजिमको फोहोरमैलालाई पानीघाट वा सार्वजनिक महत्व वा सन्धिसर्पन नपर्ने ठाउँमा पुऱ्याई उक्त वस्तुको प्रकृति अनुसार जलाउने वा नष्ट गर्ने वा खाडल खनी पुर्ने, गलाउने, सडाउने व्यवस्था गर्नुपर्दछ।

(३) इजाजतपत्र प्राप्त पर्यटन व्यवसायी वा संघसंस्थाले उपदफा १ खण्ड ख बमोजिमको फोहोरमैलालाई गाउँपालिकाले तोकेको निकाय वा स्थानमा बुझाउनु पर्दछ।

(४) उपदफा ३ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न गाउँपालिकाले निश्चित शुल्क तोक्नेछ।

(५) उपदफा 4 बमोजिम तोकिएको शुल्क नबुझाउने पर्यटन व्यवसायी वा संघसंस्थालाई गाउँपालिकाले दण्ड जरिवाना तोक्नेछ।

(६) तोकिएको दण्ड जरिवाना सम्बन्धित व्यवसायी वा संघसंस्थाले ३५ दिनभित्र राजश्व दाखिला गर्नुपर्दछ, तोकिएको समयमा राजश्व दाखिला नगरेमा बोर्डको सिफारिसमा कार्यपालिकाले इजाजतपत्र वा व्यवसाय दर्ता खारेज गर्न सक्नेछ।

(७) फोहोरमैला सम्बन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. अरुलाई काम गर्न दिन नहुने:**

(१) गाउँपालिकाबाट इजाजत वा व्यवसाय दर्ता प्राप्त व्यक्ति वा होटेल वा लज वा यस ऐन बमोजिमको अन्य पर्यटकीय व्यवसाय दर्ता गर्ने फर्म वा व्यक्तिले आफ्नो व्यवसाय अरुलाई धितो बन्धक दिन वा अरु कुनै किसिमले अन्य कसैलाई त्यस्तो व्यवसाय सञ्चालन गर्न दिनु हुँदैन।

(२) उपदफा क मा जुनसुकै कुरा उल्लेख भएता पनि इजाजत वा व्यवसाय दर्ता प्रमाणपत्र प्राप्त पर्यटन व्यवसायीले कुनै बैंक वा वित्तीय संस्थासँग आर्थिक कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) कसैले यस दफाको उपदफा क. बमोजिमको कार्य गरे/गराएमा यस ऐन बमोजिम दण्ड जरिवाना तिर्नुपर्नेछ।

**२४. दण्ड सजाय:**

(१) यस ऐन बमोजिम सिफारिस नलिई कसैले पर्यटन व्यवसाय सञ्चालन गरेमा वा सो सम्बन्धी कारोबार गरेमा, गर्न खोजेमा वा त्यस्तो व्यवसाय नखोली वा कारोबार बन्द गर्न बाध्य परेमा निजलाई २०,०००।०० रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ।

(२) दफा १० (१) उल्लंघन गर्ने व्यक्तिलाई पहिलो पटक कसुर गरेको भए रु.२०,०००।०० सम्म र दोस्रो पटक देखि पटक्कै पिच्छे रु. ४०,०००।०० सम्म जरिवाना गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गरेको निर्णय चित्त नबुझेमा गाउँपालिका न्यायिक समिति समक्ष ३५ दिन भित्र उजुरी गर्न सक्नेछ।

**२५. वार्षिक प्रतिवेदन:**

(१) समितिको अध्यक्षले समितिका काम कारबाहीका वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा दुई महिना भित्र कार्यपालिका समक्ष प्रस्तुत गर्नु पर्नेछ।

**२४. अधिकार प्रत्यायोजन:**

(१) यस बमोजिम बोर्ड, बिभिन्न समितिलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार अध्यक्ष, बोर्डका /समितिका सदस्य, प्रमुख प्रशासकिय अधिकृत वा अधिकृत स्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

**२५. व्यवसाय बन्द गर्नुपरेमा सूचना दिनु पर्ने:**

(१) यस ऐन बमोजिम कुनै पर्यटन व्यवसायीले दर्ता गरेको आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले ३० दिनभित्र कार्यालय समक्ष सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना नदिएमा निजले गाउँपालिकालाई बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

**२६. नियम, निर्देशिका, कार्यविधि एवं मापदण्ड बनाउने अधिकार:** गाउँपालिकाले यस ऐनको अधिनमा रही नियम तथा आवश्यकताका आधारमा निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

**२७. खारेजी:** पर्यटन ऐन २०७९ खारेज गरिएको छ, सो ऐन मार्फत भए गरेका काम कार्बाही यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची १ (दफा १६ संग सम्बन्धित)

<u>पथप्रदर्शकको ईजाजत तथा नबिकरण शुल्क</u>

| क्र.स. | किसिम | दर्ता शुल्क | नवीकरण शुल्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ६ महिनासम्म | म्याद नाघेको १ वर्षसम्म | |
| १ | पोर्टर गाइड | २०० | २०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० % थप |
| २ | अन्य पथ प्रदर्शक | ५०० | ५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० % थप |
| ३ | जलयात्रा पथ प्रदर्शक | १००० | १००० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० % थप |
| ४ | पदयात्रा पथ प्रदर्शक | १२०० | १२०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० % थप |
| ५ | सम्पर्क व्यक्ति | १५०० | १५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० % थप |

अनुसूची २(दफा १७ (क) संग सम्बन्धित)

साहसिक खेल पर्यटनका बिबिध क्रियाकलापहरुका लागि ब्यवसाय कर:

| क्र.स. | क्रियाकलाप | वार्षिक व्यवसाय कर |
|---|---|---|
| १ | बञ्जी जम्पिङ | १५०००।– |
| २ | जीप फ्लायर | २५०००।- |
| ३ | र्‍याफ्टिङ | २००००।- |
| ४ | पाराग्लाईडिङ | २०,०००।- |
| ५ | स्काई वाकिङ | १५०००।- |
| ६ | क्यानोनिङ | १५०००।- |
| ७ | क्यनोपि वाकिङ | ७५००।- |
| ८ | र्‍यापलिङ | ७५००।- |
| ९ | बाली स्वीङ्गिङ | ७५००।- |
| १० | रक क्लाइविङ्ग | १००००।- |
| ११ | अन्य साहसिक गतिविधि | १००००।- |

अनुसूची ३ (दफा १७(घ) संग सम्बन्धित)

घोडा सवारीको ब्यबसाय कर:

| क्र.स. | किसिम | दर्ता शुल्क | नवीकरण शुल्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ६ महिनासम्म | म्याद नाघेको १ वर्षसम्म | |
| १ | पर्यटकका लागि घोडा सवारी | २५०० | २५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० % थप |

मितिः २०८० पौष २२ गते

**आज्ञाले**
**नवेशराज हमाल**
**प्रमुख प्रशासकीय अधिकृत**